जन प्रतिबिम्ब दैनिक
JanPratibimba Daily




वर्ष २८ अंक ३३८ २०८० चैत २५ गते आईतबार Jan Pratibimba Daily . Sunday April. 07 . 2024 मूल्य रु. ५/-

# सुरक्षा जाँचको नाममा सीमामा सर्वसाधारणलाई सास्ती

*वीरगंज, चैत २४*

सत्ता समिकरण परिवर्तन पछि फेरिएको सरकारले सीमाक्षेत्रमा तस्करी नियन्त्रणमा कडाई गर्न निर्देशन दिएको छ । सीमाक्षेत्रबाट हुने तस्करीले गर्दा राजस्वमा कमी आएको बुझाई रहेको राज्यलाई सिंहदरबारमा बसेर कलम घुमाउनेहरुका कारणले राजस्व घटेको हो भन्ने चाहिँ पटक्कै लागेको छैन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई मुख्य उद्देश्य लिएर कार्य शुरु गरेको भएपनि सुशासनको नाममा हुने राज्य आतंकले भने अहिले सर्वसाधारणलाई सास्ती भएको छ। गृहमन्त्रीको नेतृत्व रबि लामिछानेले सम्हालेपछि सीमाबाट हुने तस्करी शुन्यमा झार्नुपर्ने दबाव गृहप्रशासन र सुरक्षा अधिकारीहरुलाई बढेको छ ।

त्यहि बाहानामा अहिले सुरक्षा निकाय र भन्सार प्रशासनले भने सर्वसाधारणलाई सास्ती दिने गरेको गुनासो बढेको छ। सुरक्षा चेकजाँचको बाहनामा सुरक्षाकर्मीहरुले सर्वसाधारणलाई दुःख दिने गरको ब्यापक गुनासोहरु बढीरहेको छ । भन्सारबाट कुनैपनि वस्तु ओसार पसार गर्दा भन्सार शुल्क तिरेर मात्रै ल्याउनुपर्ने नियम भएपनि सीमाक्षेत्रमा

बाँकी तेश्रो पृष्ठमा

# एक बोरा चामल कस्टमबाट फिर्ता !

*वीरगंज, चैत २४*

रक्सौल स्थित रहेको भारतीय कस्टमले सर्वसाधारणले एक बोरा चामल समेत लिएर आउँदा आज अवरोध पूऱ्याएका छन् । नयाँ हाकिम आया है भन्दै चामल साईकलमा बोकेर आउँदा नेपाल तर्फ आउन नदिई भारतमै फर्काएको प्रत्यक्षदर्शी एक सर्वसाधारणले बताए । यो कमाउने काईदा हो पहिला रोक्ने पछि चर्चा बढे खर्च उठाउन सजिलो हुने भएको ले यस्तो गरेको हुन सक्ने अड्कल हुन थालेको छ ।

विगतमा एसः एस. बी. कस्टम अगाडीको पुलमा चेकजाँच गर्दा कस्टमका कर्मचारीहरुको कमाई मरेको थियो । अहिले कस्टमका

बाँकी तेश्रो पृष्ठमा

# Bahudarmai Municipality

## Office of Municipal Executive
## Bahuwaripidari, Parsa
## Madhesh Province,Nepal

## Invitation for Sealed Quotation

First Date of Publication: 2080/12/25 (07th April. 2024)

1. The Government of Nepal has allocated funds towards the cost of **physical Infrastructure** Construction Project and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of physical infrastructure . Sealed Quotation is open to all eligible Nepalese.
2. **Bahudarmai Municipality Office, Parsa** invites sealed Quotation from eligible bidders for the construction of as mentioned below under National Competitive Bidding procedures.

| Contract ID No. | Project Name | Estimated Amount NRs.(With VAT) | Bid Security | Bid documents Cost |
|---|---|---|---|---|
| 07/MUN/ BAHUDA/ PAR/ W/080-081 | Ward No 2 Bairiya Pani tanki PrabeshDuwar To North Pipra tuward Mahabir Sah Ma. Bi. Gamahariya Roads | 19,40,000.00 | 51000/- | 1000/- |

3. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation Documents at the **Bahudarmai Municipality Office, Parsa.**
4. A complete set of Sealed Quotation Documents may be purchased from the **Bahudarmai Municipality Office, Parsa** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee till 2081/01/09 (21th April . 2024).
5. All Sealed Quotation shall be accompanied by a valid bid security issued by " A" class commercial bank of an amount as shown in the table above. The Sealed Quotation security guarantee shall confirm to the standard format as specified in the Sealed Quotation document. The Sealed Quotation security guarantee issued by only the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the employer.

   **Security Amount**
   Account Name: Dharauti 00215378595
   Bank Name: Sidharth bank, Bahudarmai, Branch, Bahuwaripidari ,Parsa
6. Sealed Quotation must be submitted to the Bahudarmai Municipality Office ,,Parsa by hand/courier on or before 12:00 Hrs on 2081/01/10 (22th APRIL 2024). Sealed Quotation received after this deadline will be rejected.
7. The Sealed Quotation will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 2081/01/10 (22th APRIL 2024). at the Bahudarmai Municipality Office, Parsa. Sealed Quotation must be valid for a period of 45 days i.e. 2081/02/23 (05th June 2024) after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the Sealed Quotation i.e. 2081/03/21 (7th July 2024)
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation without assigning any reason, whatsoever.

**प्रधान सम्पादक एवं प्रकाशक**
**संजय साह**
मोबाईल नं.: ९८५५०२८७६७
**सम्पादक**
**अजय कुशवाहा**
अधिवक्ता : कमलमोहन पोखरेल, अमर के.सी.
कार्यालय : आदर्शनगर-१०, वीरगंज
Email:janpartibimdaily@gmail.com
फोन : ०५१-५३३०२९
मुद्रक : कोमल प्रिटिङ्ग प्रेस
मोबाइल नं.: ९८४५०९७८९९

# मिटरब्याज समस्याको जड

**राजेश विद्रोही**

मिटरब्याज पीडितसँग चारबुँदे सहमतिपछि सरकारले दोस्रो पटक हालै अर्को आयोग गठन गरेको छ । यसअघि गौरीबहादुर कार्की नेतृत्वमा रहेको तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले पीडितबाट २८ हजार उजुरी लिएको थियो । त्यसमध्ये ५ हजार ८ सय ८८ उजुरीमा मिलापत्र भएको थियो । छलफलका क्रममा ५ अर्ब ५७ करोड १९ लाख लेनदेनको लिखत कागजात आयोगले पाएको थियो । तर, साहुहरूले ७ अर्ब ६२ करोड ८० लाख असुल हुन बाँकी रहेको दाबी गरेका थिए ।

जसमध्ये २ अर्ब ५ करोड ६० लाखको लिखित कागजात नै थिएन । छलफल हुँदै जाँदा १ अर्ब ७२ करोड ८६ लाखमा मिलापत्र भयो । पीडितहरूले २ सय १८ बिघा १० कट्टा ७ धुर जग्गा (७९३ कित्ता) साहुबाट फिर्ता पाएका थिए । तर, मिटरब्याजपीडित संघर्ष समितिले २८ हजारभन्दा बढी उजुरी परेको र ८ हजारभन्दा बढी मिलापत्र भए पनि कार्यान्वयन एकदमै न्यून भएको दाबी गरेको छ ।

मिटरब्याजसम्बन्धी उजुरी परेको र मिलापत्र भएको आयोगको तथ्यांक गलत रहेको मिटरब्याजपीडित संघर्ष समितिका संयोजक मनोज पासवानको भनाइ छ । ऐन कानुनको अपचलन गरी केही मुद्दा गाउँघरमै मिलापत्र भएको छ । केहीमा वडा र पालिकाले मिलापत्र गराएका छन् । प्रशासनिक पहुँचका आधारमा ठाडो उजुरी लिने र मिलापत्र गराउने काम भएको छ । अहिले पनि उजुरी लिने र कपाली दर्ता गराउने क्रम जारी छ, जुन तथ्यांक आयोगसँग छैन ।

उजुरीदेखि सहमति र कार्यान्वयनसम्म आयोगको नेतृत्व हुनुपर्ने थियो । आयोगमा पीडित पक्षबाट पनि प्रतिनिधित्व हुनुपर्थ्यो । आयोगमा परेको उजुरीमाथि अदालतले उदारतासहित विचार गर्नुपर्थ्यो । तर, यहाँ आयोग एकातिर र अदालत अर्कातिर देखिए । कतिपय सन्दर्भमा उजुरीलाई कमाउधन्दाका रूपमा पनि प्रयोग गरियो । आयोग, अदालत, प्रशासनमा तीनै तहका सरकारको चरम लापरबाही देखियो । आयोगले जनकपुरमा बसेर उजुरी लिने र गन्ती गर्ने काम मात्र गर्‍यो । दोषी करार भइसकेको मुद्दामा पनि आयोगले गम्भीरतापूर्वक लिएन । प्रमाण हुनेहरूकै काम नभएपछि प्रमाण नहुनेहरूको न्यायिक काम कसरी हुन्छ ? उनीहरू समाजमा झन् पीडित र असुरक्षित हुने अवस्था छ ।

तीन महिनाका लागि बनेको पहिलो आयोगले दुई पटक म्याद थपेर आठ महिनामा प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गर्‍यो । यो अवधिमा आयोगले झन्डै आधा करोड अर्थात्, ४२ लाख ७२ हजार ६ सय ५८ खर्च गर्‍यो । तर, सूचना प्रविधिबाट टाढा रहेका र साहुकारको त्रासमा दबिएका देहातका लाखौं पीडितले अझै उजुरी दिन सकेनन् । किनभने मिटरब्याज समस्या सामन्तवादी सामाजिक संस्कृतिका रूपमा परम्परादेखि चलिआएको सामाजिक व्यवहार हो, जुन अहिले चरम विकृत रूपमा देखापरेको छ । सामन्तवादी यो व्यवस्था पछिल्लो समय थप जब्बर भएको छ । मिटरब्याज समस्याबाट कुनै पनि बस्ती, घर र व्यक्ति अछुतो छैनन् । समस्याको विकराल स्वरूप हेर्दा २८ हजार उजुरी निकै न्यून हो । लाखौं उजुरी आउनुपर्ने थियो । तर, धेरै पीडितले उजुरी दिने हिम्मत नगरेको देखिन्छ । यो पनि अनुसन्धानको विषय हुन सक्छ । र, न्याय हुने निश्चित गरी पुस्तौंदेखि लुटिएका लाखौं पीडितको उजुरीको मार्ग सरकारले खोल्ने साहस गर्नुपर्छ ।

मिटरब्याजको सबैभन्दा ठूलो समस्या सुरुमै ऋण लिने र दिनेको बीचमा तीनदेखि चार दोब्बरको कपाली तमसुक हो । अर्को समस्या, ऋणभन्दा कैयौं गुणा बढी मूल्य पर्ने जग्गा मालपोतमा खरिदबिक्री गरेको भनी रजिस्ट्रेसन पास गराइन्छ । तमसुकको म्याद सकेपछि साँवाब्याज जोडेर कैयौं गुणा बढीको थप कपाली बनाइन्छ । सामाजिक विश्वासको भरमा लेनदेन हुन्छ । जसको कुनै हिसाबकिताब पीडितसँग हुँदैन । यसरी हरेक हिसाबमा कानुनी रूपमा फसाइन्छ । अदालतले कानुन र प्रमाण बुझ्छ, साहुकारका तिकडम र ऋण लिनेहरूको बाध्यतालाई बुझ्दैन । हरेक साहुले आफ्नो हात अगाडि पार्न ऋणीलाई सामाजिक व्यवहारमा फसाउने गर्छन् । विभिन्न लिखतमा हस्ताक्षर तथा अँगुठा छाप लगाउन बाध्य पार्छन् । यसरी साहुहरू कानुनी रूपमा बलिया हुन्छन् । कानुनको आड र निमुखाहरूको बाध्यतामा यो सामन्तवादी ठगीधन्धालाई कहिलेसम्म निर्बाध चल्न दिइरहने हो ? उनीहरूलाई कहिले न्यायको कठघरामा उभ्याउने ? सरकारसँग कुनै जवाफ छैन । उसले त झन् अदालत र कानुनी अड्चन देखाएर साहुकारकै पक्षपोषण गर्छ । साहुलाई मधेशी नेता र दल तथा राष्ट्रिय दल र तिनका नेताको समेत शक्ति प्राप्त छ । राज्यको निकायबाट पनि उनीहरू संरक्षित छन् । यस्तोमा कमजोर र निमुखा पीडितहरूको चित्कारको कसरी सुनुवाइ हुन्छ ?

गठन आदेशबाट बनेको आयोग अदालतजतिको बलियो हुँदैन । त्यसैले उनीहरूले अदालतलाई मिटरब्याजका लेनदेनलाई वैधानिक बनाउन र आफूलाई सुरक्षित राख्न उपयोग गरिरहेका हुन्छन् । अहिले पीडितले आयोगको शरण खोज्ने र पीडकले अदालतको शरण खोज्ने दृश्य देखिएको छ । मिलापत्र भएका पाँच हजार उजुरीमाथि स्थलगत रूपमा गाउँमै पुगेर छानबिन गर्ने हो भने पीडितले होइन पैसा, पावर र पहुँच भएका बिचौलिया वर्ग र पीडकले नै बढी लाभ उठाएको देखिन्छ । तर, मिटरब्याजी आन्दोलनमा जसको योगदान छ, आर्थिक रूपमा कमजोर छन्, राजनीतिक र प्रशासनिक रूपमा पहुँच छैन, उनीहरूले यसको लाभ उठाउन सकेका छैनन् । कमैले न्याय पाएका छन् । उनीहरूको उजुरी किनारामै थन्किएका छन् कि त पटकपटक छलफल गरेर बिनानिर्णय ओझेलमा पार्ने काम भएको छ ।

मिलापत्र भएका बाहेक २३ हजार उजुरीमाथि पनि सही तरिकाले छानबिन गर्ने हो भने वास्तविक पीडितको कम र बेइमानको बढी उजुरी भेटिने निश्चित छ । प्रहरीलाई जिम्मा लगाएपछि पनि त्यहाँ पैसा, पावर र पहुँचको चलखेल भएको देखिन्छ । सिरहामा मिलापत्रको क्रममा अख्तियारले एक प्रहरीलाई ५० हजार घूससहित पक्राउ गरेको छ । यसअघि सप्तरीमा उजुरी मिलापत्रको क्रममा साहु र पीडितसँग पैसा असुल गरेको समाचार पनि सार्वजनिक भएकै हो । २८ हजार उजुरीमा सबैभन्दा बढी मधेश प्रदेशको ८ जिल्लाको छ । त्यसमा पनि बारामा सबैभन्दा बढी छ । अहिलेसम्म त्यहाँ ९ हजार उजुरी मिलापत्र भइसकेको प्रहरी तथ्यांक छ । प्रहरीले जिम्मेवारी पाएदेखि तीन हजारको मिलापत्र भएको छ । यो मुद्दालाई विशेष प्राथमिकतामा राखेर दिनमा सय उजुरी मिलापत्र गराउने लक्ष्यका साथ ५३ प्रहरी युनिट खटाइएको छ । तर, दिनमा करिब २०/२२ उजुरी मात्रै मिलापत्र भइरहेका छन् ।

यतिबेला उजुरी दिने पीडितको सुरक्षा र न्यायको विषय चुनौती भएको छ । ऋणको तनाव र साहुको दबाबले हत्या, आत्महत्या तथा हृदयाघात भएर मृत्यु हुनेको संख्या बढेको छ । साहुको ऋण तिर्न नसक्दा बाराको कोल्हबी नगरपालिका-३ प्रसौनाका ४५ वर्षीय सतङ चौधरीले खोला किनारमा विष सेवन गरी आत्महत्या गरेका छन् । बाराकै सिम्रौनगढ नगरपालिका-८ का २५ वर्षीय अजयप्रसाद यादवको पनि साहुको दबाबले हृदयाघात भएर मृत्यु भएको छ । यादवले क्यान्सरपीडित बुबाको उपचारका लागि सात वर्ष अगाडि साहुसँग चार लाख ऋण लिएका थिए । साहुले उनीसँग २६ लाखको तमसुक र पाँच कट्ठा जग्गा पास गराएका थिए ।

उजुरी दिएर पनि उनले साहुबाट फिर्ता पाउन सकेका छैनन् । सिम्रौनगढ नगरपालिका-२ अमृतगन्जका प्रमेन्द्र कुशवाहले सीडीओ कार्यालयमा भएको सहमतिअनुसार साहुको बैंक खातामा सात लाख ७५ हजार जम्मा गरिदिए पनि अहिलेसम्म सम्पत्ति फिर्ता पाउन सकेका छैनन् । पाँच महिनादेखि सीडीओ र जिल्ला प्रहरी कार्यालयमा उनको दौडधुप चलिरहेको छ । तर, कसैले उनको पीडा सुन्दैनन् । उनले साहुबाट १ लाख १८ हजार ऋण काढेका थिए । ऋणको बदलामा साहुले दुई पटक गरी १३ लाख १८ हजारको कपाली गराएको थियो । त्यसपछि साहुले अदालतमा मुद्दा हालेर २६ कट्ठा जग्गा रोक्का गरायो । पीडितले उजुरी गरेपछि उनी पक्राउ त परे तर वडाध्यक्ष भएकाले ६ घण्टामै छुटे । उनले सीडीओ कार्यालयको सहमति आफूले नमान्ने अदालतकै फैसला मान्ने भनी अटेरी गर्दै आएका छन् । अदालतले पनि कागज हेरेर साहुहरूकै पक्षमा फैसला गर्दै आएको छ ।

अदालतभन्दा आयोग शक्तिशाली नहुँदा यो समस्या झन् विकराल रूपमा उत्पन्न भएको देखिन्छ । बाराकै आदर्शकोतवाल-६ का रूपेशकुमार कुशवाहाको उजुरीमा पनि धेरै पटक छलफल भयो । अदालतले उनकै पक्षमा फैसला गर्‍यो तर उनले जग्गा फिर्ता पाउन सकेनन् । साढे दुई बिघा जग्गा साहुको नाममा पास गरेर उनले चार लाख ऋण लिएका थिए । अहिलेसम्म २८ लाख ४४ हजार तिरिसके तर ऋण अझै सिद्धिएको छैन । उनीबाट पास गराएर लिएको २३ कट्ठा जग्गा साहुले १६ लाखमा अर्कैलाई बेचिसकेका छन् । गाउँलेहरूको दबाबमा १० कट्ठा जग्गा भने फिर्ता गरिदिएका थिए ।

अहिले साहु बाँकी १७ कट्ठा जग्गा ९ लाख तिरेपछि मात्र फिर्ता गर्ने भनिरहेका छन् । बारा करैयामाई गाउँपालिका-७, पिपराका शम्भु चौधरीले साहुसँग साढे सात लाख ५४ हजार रुपैयाँ लिएका थिए । साहुले उनीसँग २० लाख कट्ठा पर्ने २१ कट्ठा जग्गा पास गराए र थप ३० लाखको कपाली गराए । सीडीओमा छलफल हुँदा साहुले ऋणी, ग्राहक ल्याइदिने बिचौलियालाई तीन लाख दिएको खुल्यो । जुन पैसा पीडितकै नाममा थपिएको छ । त्यतिमात्र नभएर श्रीमतीको नाममा जग्गा बैंकमा राखेर ऋण पनि उठाइसकेको अवस्था छ । अहिले ३० लाखको साँवाब्याज नदिए जग्गा फिर्ता नगर्ने साहुले प्रहरीसँग जिकिर गरिरहेका छन् भने श्रीमतीले आफूले जग्गा किनेको दाबी गरिरहेकी छन् ।

सप्तरी खडक नगरपालिका-३ का रामबहादुर चौधरीले खबर पाउँदा उजुरी दिने म्याद सकिसकेको थियो । उनले साहुसँग विदेश जान र छोरीको बिहे गर्न पटकपटक गरी करिब चार लाख रुपैयाँ सयकडा साढे तीनका दरले लिएका थिए । यसका लागि साहुले साढे १६ कट्ठा जग्गा राजीनामा पास गराउनुका साथै ऋणको तीन दोब्बर अंक राखेर कपाली तमसुक पनि गराए । उनले पटकपटक गरी चार लाख साहुलाई फिर्ता दिइसकेका थिए तर साहुले अझै थुप्रै पैसा बाँकी रहेको भनी उनको सबै जग्गा अरूलाई बेचिदिए, कपाली तमसुक फिर्ता दिएनन् । यी त प्रतिनिधिमूलक घटना मात्र हुन् ।

मिटरब्याजी समस्याबाट व्यक्ति, परिवार र बस्तीहरूकै उठीबास लाग्दै आएको छ । मिटरब्याजको दुश्चक्रमा परेको मान्छे एकपटक लिएको ऋण तिर्दातिर्दा सकिन्छ तर उसको ऋण घट्नुको सट्टा बढ्दै जान्छ । ऋणको पुस्तान्तरणसमेत भइरहन्छ । यतिसम्म कि चर्को र चक्रीय ब्याजदरका कारण आर्जन गरेको पैसा र जमिनसमेत साहुकै हुन पुग्छ । चक्र त्यतिमा मात्रै सीमित हुँदैन, शारीरिक र श्रम शोषणसमेत गरिन्छ । किनभने राजनीतिक र प्रशासनिक रूपमा उनीहरूकै बलियो पहुँच छ । यसर्थ मिटरब्याजी समस्यालाई एउटा चस्माले हेर्ने हो भने साहुबाट ऋणी पीडित देखिन्छन्, अर्को नजरले हेर्दा राज्यद्वारा साहु र ऋणी दुवै पीडित देखिन्छन् । अर्थात् राज्य नै दोषी देखिन्छ । त्यसैले यो दुई पक्ष बीचको मात्रै समस्या होइन्, राज्यद्वारा सिर्जित मिश्रित समस्या हो ।

साहुहरूको छुट्टै समस्या छ । उनीहरूले पनि छुट्टै संगठन खडा गरेका छन् । उनीहरूको पनि आन्दोलन छ । आफूहरूको पीडा राज्यले नसुनेको उनीहरूको भनाइ छ । ऋण लिने बेला लियो तर एक सुक्को

बाँकी तेश्रो पृष्ठमा

# ‘उत्पादनशील क्षेत्रमा लगानी बढाउनुस्’

*काठमाडौं, चैत २४*

नेपालमा रोजगारी सिर्जना र उत्पादकत्व बढाउने क्षेत्रमा केन्द्रित भई लगानी बढाउन अर्थमन्त्री वर्षमान पुनले विकास साझेदारहरूलाई आग्रह गरेका छन् । विश्व बैंकको दक्षिण एसिया र नेपाल विकास अपडेट, २०२४ सार्वजनिक कार्यक्रममा शुक्रबार अर्थमन्त्री पुनले दक्षिण एसियामा अन्य मुलुकको तुलनामा नेपालले राम्रो प्रदर्शन गरिरहेको बताए ।

मुलुकभित्र रोजगारी अभावले युवा पलायन भइरहेको र यहाँ रोजगारी सिर्जनाका कार्यक्रमको आवश्यकता रहेको उनको भनाइ छ ।

‘एकातिर पूर्वाधार क्षेत्रमा उच्च रोजगारीको आवश्यकता छ । र, अर्कोतर्फ काम गर्ने उमेरका युवाशक्ति काम अनि अध्ययनका लागि विदेशिरहेको सन्दर्भमा मुलुक भित्रै रोजगारी सिर्जना र उत्पादकत्व सिर्जना गर्नु आवश्यक छ,’ उनले भने । तसर्थ सोहीअनुसारको स्रोत बढाउन अर्थमन्त्री पुनले विकास साझेदारसँग आग्रह समेत गरे । विश्व बैंकको यो प्रतिवेदन नेपालको नीति निर्माणमा सहयोगी हुने उनको विश्वास छ ।

सरकार उच्च प्राथमिकताका साथ आर्थिक गतिविधिलाई सहज बनाउनेतर्फ केन्द्रित रहेको अर्थमन्त्री पुनले बताए । चालु आर्थिक वर्षको अन्त्यसम्ममा आर्थिक पुनरुत्थान हुने उनको दाबी छ । ‘राजस्व संकलन न्यून भएकाले सरकारले खर्चलाई प्राथमिकता दिँदै पुँजीगत खर्च बढाउने प्रयास गरिरहेको छ,’ उनले भने, ‘हामीले वित्तीय स्थायित्वलाई दिगो स्तरमा कायम राख्न आवश्यक नीति अवलम्बन गरेका छौं ।’

सार्वजनिक लगानीको प्रभावकारिता र दक्षता अभिवृद्धि गर्न विश्व बैंक र अन्य विकास साझेदारहरूसँग पनि नजिकबाटै काम गरिरहेको उल्लेख गर्दै अर्थमन्त्री पुनले राष्ट्रिय परियोजना बैंकको कार्यान्वयन यसको एउटा उल्लेखनीय उदाहरण भएको दाबी गरे । ‘विश्व बैंकले अर्थ मन्त्रालय र अन्य सरकारी निकायको बृहत् आर्थिक पूर्वानुमान गर्न सक्ने क्षमतामा सुधार गर्न मद्दत गरिरहेको छ,’ अर्थमन्त्री पुनले भने ।

विश्व बैंकको यो पहलले भविष्यमा अझ यथार्थपरक बृहत् आर्थिक रूपरेखा प्रदान गर्ने उनको अपेक्षा छ । सरकार तेस्रो लगानी सम्मेलन आयोजना गर्ने तयारीमा रहेको जानकारी गराउँदै पुनले यो शिखर सम्मेलनले विश्व लगानीकर्ताहरूका लागि नेपाललाई उदीयमान गन्तव्यका रूपमा चिनाउने दाबी गरे । देशको सम्पूर्ण लगानीको इकोसिस्टमका लागि कुशल र प्रभावकारी सहजीकरण गर्न लगानी, प्रतिफल र लाभांश फिर्ता लैजाने विषयको आवश्यक संरक्षण र सुरक्षा सुनिश्चित गरिने उनको भनाइ छ । ‘यस्तो शिखर सम्मेलनले लगानीसम्बन्धी नीतिगत सुधारसँगै उल्लेख्य लगानी ल्याउन र नेपाल आर्थिक अपडेट प्रतिवेदनमा पनि औंल्याइएका मध्यम अवधिको वृद्धि सम्भावनालाई अगाडि बढाउन मद्दत गर्नेछ,’ अर्थमन्त्री पुनले भने ।

आगामी आर्थिक वर्षको बजेट निर्माणको चरणमा रहेको समेत जानकारी गराउँदै वर्तमान आर्थिक विकासलाई मार्गदर्शन गर्ने राम्रो नीति र विनियोजनका लागि हाम्रा विकास साझेदारहरू र सम्बन्धित क्षेत्रहरूबाट रचनात्मक सुझावहरूको स्वागत गर्ने बताए । उनले भने, ‘नेपाल सरकारको तर्फबाट, म विश्व बैंकलाई अर्थतन्त्रमा प्रभाव पार्ने विभिन्न विषयहरूमा अनुसन्धान र प्रकाशनहरूसहित हाम्रो विकासका विभिन्न क्षेत्रहरूमा निरन्तर सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।’

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख रेशम थापाको सहजीकरणमा पूर्वअर्थमन्त्री युवराज खतिवडा, राजस्व सचिव रामप्रसाद घिमिरे, साउथ एसियन वुमेन डेभलपमेन्ट फोरमकी संस्थापक अध्यक्ष प्रमिला आचार्य रिजाल र नेपालका लागि स्विस राजदूतले नेपालमा रोजगार सिर्जनाको सम्भावनाबारे छलफल गरे । कार्यक्रममा पूर्वअर्थमन्त्री खतिवडाले नेपालको आर्थिक वृद्धिको सन्दर्भमा विश्व बैंकले गरेको प्रक्षेपण दशकौंका लागि चामत्कारिक संख्या भएको बताए ।

बाँकी तेश्रो पृष्ठमा

जन्म दर्ता, मृत्युदर्ता, विवाह दर्त सम्बन्ध विच्छेद र व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पर्सागढी नगरपालिका कार्यालय

बेटी पढाऔं बेटी बचाऔं ।
पटेंवा सुगौली गाउँपालिका कार्यालय

घरघरमा शौचालय बनाऔं, राष्ट्रिय भियानमा सहयोग पुऱ्याऔं ।
बहुदरमाई नगरपालिका कार्यालय

सडक किनारामा गाईवस्तु नछौडौं, सभ्य नागरिक बनाऔं ।
पोखरिया नगरपालिका कार्यालय

शौचालयको निर्माण गरौं, गाउँलाई खुल्ला दिशामुक्त बनाऔं ।
बिन्दवासिनी गाउँपालिका कार्यालय

निर्धारित मापदण्डको पालना गरौं, ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाउँपालिका कार्यालय

# मधेश प्रदेश संघीय सरकारबाट सधैं उपेक्षित छ : मुख्यमन्त्री यादव




***वीरगंज, चैत २४***

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यावदले देशको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउने र संघीयता ल्याउनसमेत मधेशको रुमहत्त्वपूर्ण भूमिका रहेको भन्दै संघीय सरकारले त्यसलाई उपेक्षा गर्न नमिल्ने बताएका छन् । मधेशले अधिकारबिनाको संघीयता अपनाउनु परेको भन्दै उनले गुनासो समेत गरे ।

शनिबार कान्तिपुर मिडिया ग्रुपले आयोजना गरेको 'वीरगन्जको वाणी' कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै मुख्यमन्त्री यादवले संविधान लागू गर्ने बेला वीरगन्जवासीले नाकाबन्दीका कारण भइरहेको अप्ठ्यारो र व्यापार घाटा सहेरै भए पनि संघीयता ल्याउन भूमिका खेलेको स्मरण गराए ।

'वीरगन्जले त केन्द्र सरकारलाई धेरै थोक दिएको छ, केन्द्र सरकारले चाहिँ वीरगन्जलाई के दिएको छ ?' उनको प्रश्न थियो, 'संघीयता आएको ७ वर्ष भइसक्यो, मधेशका मुख्यमन्त्रीलाई कुन बेला को प्रमुख सचिव आउँछन्, प्रदेशका विकास-निमार्ण योजना कहिले सुरु र सम्पन्न हुन्छन् भन्ने थाहै हुँदैन ।'

केन्द्रको सत्ता गठबन्धन अकास्मात परिवर्तन हुँदा प्रदेशहरूमा समेत कम्पन आउने र थालिएका काम बीचमै अलपत्र पर्ने परिस्थितिबारे मुख्यमन्त्री यावदले प्रसंग निकाले । आफूले संघीय सरकारको अघिल्लो गठबन्धन छँदा मधेशमा सिँचाइ व्यवस्थापनका लागि करिब १ अर्बको परियोजना अघि सारेर टुंगोमा पुग्नै लागेका बेला केन्द्रमा नयाँ मन्त्रीमण्डल बनेपछि त्यो योजना अलपत्र परेको उनले उदहारण दिए । संघीय सरकारले बजेट बनाउँदा प्रदेशका उद्योगी-व्यापारीसँग पनि सल्लाह गर्न उनको सुझाव थियो ।

'बजेट बनाउनेबेला ६५ लाख हाराहारी जनशंख्या भएको मधेश प्रदेशलाई १३ अर्ब विनियोजन गरिन्छ र जम्मा १२/१३ लाख जनसंख्या भएको कर्णाली प्रदेशलाई १९ अर्ब छुट्याइन्छ,' उनले भने, 'मधेशको एउटै महानगर वीरगन्जलाई बजेट छैन । नेपाल सरकारको आधाभन्दा बढी खर्च धान्ने मधेशको यस महानगरका उद्योगी व्यापारीलाई केन्द्र सरकारले सुविधा दिएको मलाई जानकारी छैन ।' उनले जनसंख्याको आधारमा बजेट विनियोजन गर्न केन्द्र सरकारलाई अनुरोध गरेका छन् । निजगड-काठमाडौं फास्ट ट्र्याक र निजगडमा अन्तर्राष्ट्रिय विमानस्थलबारे प्रश्न उठाउँदै उनले देशलाई उल्लेख्य फाइदा हुने यी परियोजना मधेश प्रदेशमा परेका हुनाले यिनको निर्माण कार्य सुरु र समापन हुने कुनै निश्चित नहुनु दुःख भएको अभिव्यक्ती दिए । 'मधेश प्रदेश र वीरगन्ज बासीलाई सुरुदेखि विभेद भइरहेकोमा अब यो काम नहोस्,' उनले भने, 'मधेश विकसित नभए नेपाल पनि विकसित हुँदैन । त्यस्तै, जबसम्म निजामती कर्मचारी र प्रहरी प्रदेश मातहत आउँदैनन्, तबसम्म संघीयता कार्यान्वयन हुँदैन ।'

# पर्साको बिन्दवासिनी गाँउपालिकामा भ्रष्टचार बढेको भन्दै खबरदारी गर्ने नेविसंघको निर्णय



***वीरगन्ज, चैत २४***

पर्साको बिन्दवासिनी गाँउपालिकाको कार्यालयमा भ्रष्टचार र बेथिती मौलाएको भन्दै त्यसलाई रोक्न नेपाली कांग्रेसको भातृ संस्था नेविसंघले खबरदारी लगायतका कार्यक्रम गर्ने भएको छ ।

शनिबार बहुअर्वाभाठामा बसेको नेविसंघको गाँउपालिका ईकाइ समितिको बैठकले पालिकामा भइरहेको भ्रष्टचार र बेथिती विरुद्ध खबरदारी लगाययतका दबाबमुलक कार्यक्रम गर्ने निर्णय गरेको नेविसंघका अध्यक्ष विकास पटेलले बताए ।

बैठकले सुरुमा गाँउपालिका कार्यालयले दिने शिक्षा क्षेत्रसंगै अन्य सेवा सुविधा र भइरहेका विकास विर्माणका कामहरुको लिखित रुपमै सूचना माग्ने र गाँउपालिका कार्यालयले सूचना दिन आलटाल गरेर चरणबद्ध रुपमा खबरदारी लगायतका दबाब मुलुक आन्दोलनका कार्यक्रम गर्ने निर्णय गरेको बैठकमा सहभागी नेविसंघका जिल्ला सचिव सुधांशु चौरसियाले जानकारी दिए ।

पछिल्लो केहि समय यता गाँउपालिकामा जनप्रतिनिधी र कर्मचारीहरुको मिलोमतोमा भ्रष्टचार बढ्को जनगुनासो आउन थालेपछि नेविसंघले त्यसलाई रोक्न यस्तो निर्णय गरेको चौरसियाले बताए । यस्तै बैठकले गाँउपालिकाका सामुदायिक विद्यालयहरुमा दिवा खाजा, छात्रवृति वितरणको अवस्था लगायतका विषयमापनि विद्यलयहरुमै पुगेर अनुनगमन गर्ने निर्णयपनि गरेको जानकारी उनले गराए । बैठकले पालिकामा नेविसंघको संगठन विस्तार कार्यलाई अगाडि बढाउने निर्णयपनि गरेको उनले बताए ।अध्यक्ष पटेलको अध्यक्षता र जिल्ला सचिव चौरसियाको विशेष उपस्थितीमा बसेको बैठकमा नेविसंघका नेता कार्यकर्ताहरुकोपनि सहभागीता थियो ।

# मधेशमाथिको अन्याय अझै कायम छ :महन्थ ठाकुर

***काठमाडौं, चैत २४***



लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले मुलुकमा मधेशमाथिको अन्याय अझै कायम रहेको बताएका छन् ।

महोत्तरीको मटिहानीमा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले सरकारले मधेशमाथि विभेद कायम राखेको र अदालतले पनि न्याय नगरेको गुनासो गरे ।

धेरै जनसंख्या रहेको मधेश प्रदेशमा कम बजेट दिनु र निर्वाचन क्षेत्र कम बनाउनु मधेशमाथिको विभेदको उदाहरण भएको उनको भनाइ छ । 'आधा भन्दा बढी जनसंख्या भएपनि १ सय ६५ मध्ये सुरुमा ६५ सिट मात्रै दिइएको थियो तर हामीहरुकै आन्दोलनका कारण अहिले त्यो संख्या ७९ पुगेको छ, जबकी हाम्रो माग ८२ सिट रहेको छ', ठाकुरले भने ।

देशको लगभग ५१ प्रतिशत जनसंख्या मधेशमा रहेको भन्दै अध्यक्ष ठाकुरले मधेशवासीको प्रतिनिधित्व मधेश प्रदेशले मात्रै गर्न नसक्ने धारणा राखे ।

लोसपा अध्यक्ष ठाकुरले नेपालको इतिहास नै हत्या हिंसाले भरिएको भन्दै मधेशमा शान्तिपूर्ण संघर्ष गर्दा गोली र लठ्ठी खानु परेको बताए ।

बाँकी तेश्रो पृष्ठमा

# १० करोडको व्यापार १ करोडमा झरेको छ : अग्रवाल



***वीरगंज, चैत २४***

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवालले व्यापार व्यवसाय कतिसम्म शिथिल अवस्थामा पुगेका छन् भन्नेबारे

बाँकी तेश्रो पृष्ठमा

# लागुऔषध गाँजा बरामद



***बारा, चैत २४***

जिल्ला प्रहरी कार्यालय बाराले लागुऔषध गाँजा बरामद गरेको छ । बारा प्रहरीले सिम्रौनगढ नगरपालिकाको वडा नम्बर २ महुवाहीबाट १० किलो गाँजा बरामद गरेको हो ।

नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा साइकल चालक प्रहरीलाई देख्नसाथ फालेको बोराबाट गाँजा बरामद भएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले बताए ।

बाँकी तेश्रो पृष्ठमा

# पर्सामा अपाङ्गता भएका चार असक्तले लायन्स क्लबबाट पाए ह्वील चेयर



***वीरगन्ज, चैत २४***

पर्साको बहुदरमाई नगरपालिकाका वडा नम्बर ४, ५ र

बाँकी तेश्रो पृष्ठमा


## वीरगंज महानगरपालिकाद्वारा जनहितमाजारी सन्देश

- हावाहुरीबाट बच्नघरको संरचनाबलियो बनाऔं ।
- हावाहुरी चल्नथालेपछि झ्यालढोकाबन्द गरौं ।
- छतका गमला सुरक्षित रुपमा राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुला नछाडौं ।
- सवारी साधनमा रहदाहावाहुरी चलेमा सवारी साधन रोकेर सुरक्षित स्थानमाबसौं ।

**हावाहुरी बाट हुने क्षतिकम गर्न पुर्व तयारी एवं सतर्कताअपनाऔं ।**

वीरगंज महानगरपालिका कार्यालय
आदर्शनगर, वीरगंज





